मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ २८ गते बुधबार ❑ 11 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## गण्डकीमा २१ हजार किशोरीलाई 'एचपिभी' खोप लगाइने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

गण्डकी प्रदेशमा यस वर्ष २१ हजार १३४ किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'एचपिभी' खोप लगाइने भएको छ।

पोखरास्थित प्रादेशिक जनस्वास्थ्य केन्द्रका अनुसार सबैभन्दा धेरै कास्कीमा पाँच हजार ६४९, नवलपुरमा तीन हजार ५८५ र तनहुँमा दुई हजार ६२५ जना किशोरीलाई उक्त खोप प्रदान गरिने भएको हो।

यस्तै बागलुङमा दुई हजार ३०२, गोरखामा एक हजार ८८०, स्याङ्जामा एक हजार ७८९, लमजुङमा एक हजार २५८, पर्वतमा ९५०, म्याग्दीमा ९२६, मुस्ताङमा १४७ र मनाङमा २६ जनालाई 'एचपिभी' खोप लगाइने प्रादेशिक जनस्वास्थ्य केन्द्रका खोप अधिकृत एकनारायण लम्सालले जानकारी दिनुभयो।

कक्षा ६ मा अध्ययनरत २० हजार ५५९, १० वर्ष उमेरका विद्यालयबाहिर रहेका १९१, गत वर्ष खोप लगाउन छुटेका कक्षा ७ देखि १० सम्मका ३२७ र गत वर्ष खोप लगाउन छुटेका ११ देखि १४ वर्षसम्मका २० किशोरीलाई यस वर्ष खोप दिइने भएको हो। गत वर्ष गण्डकीमा १० देखि १४ वर्ष उमेर समूहका सवा लाख बढी किशोरीलाई खोप लगाइएको थियो। 'एचपिभी' खोपलाई यस वर्षदेखि नियमित खोप कार्यक्रममा समावेश गरी कक्षा ६ मा अध्ययनरत किशोरी र विद्यालय बाहिर रहेका १० वर्षका किशोरीलाई खोप लगाउन सुरु गरिएको खोप अधिकृत लम्सालले बताउनुभयो। प्रदेशका केही जिल्लामा 'एचपिभी' खोप अभियान सुरु भइसकेको र केही जिल्लामा अभियान सञ्चालनको तयारी भइरहेको जनाइएको छ। हिमालपारिको जिल्ला मुस्ताङ र मनाङमा भने आसन्न प्रतिनिधिसभासदस्य निर्वाचनपछि खोप लगाइने प्रादेशिक जनस्वास्थ्य केन्द्रले जनाएको छ।

एक हजार ८४० विद्यालय र ८६० सामुदायिक खोप केन्द्र गरी कुल दुई हजार ७०० खोप केन्द्रबाट खोप सेवा सञ्चालन गरिने भएको छ। खोप अभियानका लागि एक हजार ७८७ स्वास्थ्यकर्मी र एक हजार ८६६ जना स्वयंसेवक परिचालन हुने बताइएको छ। पाठेघरको मुखको क्यान्सर हुनबाट किशोरीहरूलाई सुरक्षित गर्ने लक्ष्यसहित देशव्यापी रूपमा 'एचपिभी' खोप अभियान सञ्चालन भइरहेको हो। नेपालमा पाठेघरको मुखको क्यान्सरका बिरामी र मृत्यु हुनेको सङ्ख्या हरेक वर्ष उच्च रहेकाले उक्त रोग निवारणमा खोप अभियानले योगदान पुऱ्याउने खोप अधिकृत लम्सालले बताउनुभयो।

'एचपिभी' खोपले पाठेघरको मुखको क्यान्सर हुने जोखिमलाई ९८ प्रतिशतले घटाउने उहाँको भनाइ छ। उहाँका अनुसार पाठेघरको मुखको क्यान्सर नेपालमा महिलालाई सबैभन्दा बढी लाग्ने क्यान्सरको दोस्रो स्थानमा पर्छ। क्यान्सरको कारणबाट महिलाहरूको मृत्यु हुनेमा भने पहिलो मुख्य कारण पाठघरको क्यान्सर रहेको छ। 'ह्युमन प्यापिलोमा' भाइरसबाट सङ्क्रमित व्यक्तिको यौनाङ्गको छाला, 'म्युकस मेम्ब्रेन' यौनाङ्गबाट निस्कने तरल पदार्थसँगको सम्पर्कबाट यो रोग सर्ने चिकित्सकहरू बताउँछन्। मानव शरीरमा क्यान्सर गराउने उच्च जोखिम भएका 'एचपिभी' भाइरसको पटकपटक सङ्क्रमण भएर २० वर्षसम्म रहिरहेमा पाठेघरको मुखको क्यान्सर हुने गरेको छ।

## कास्कीमा मतदानस्थलको अनुगमन जारी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्ष्य गरी कास्कीमा मतदानस्थलको अनुगमन गर्ने काम जारी छ।

मुख्य निर्वाचन अधिकृतसहित जिल्ला सुरक्षा समितिका पदाधिकारीबाट नियमित रूपमा मतदानस्थलको अनुगमन भइरहेको हो।

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले सुरक्षाका दृष्टिले अतिसंवेदनशील र संवेदनशील मानिएका मतदानस्थलको अनुगमन गरिएको बताउनुभयो। अनुगमनका क्रममा स्थानीय जनप्रतिनिधि, विद्यालयका प्रधानाध्यापक/सहायक प्रधानाध्यापक, स्थानीय अगुवासँग मतदानस्थलको वस्तुस्थिति बुझी आचारसंहिताको कार्यान्वयन, भौतिक पूर्वाधार, बिजुली, पानीलगायत सुविधाबारेमा स्थलगत अध्ययन गर्ने गरिएको उहाँले जानकारी दिनुभयो।

सुरक्षाको प्रबन्ध, सडक पहुँचको अवस्थालगायतको निरीक्षण गरी थप सुधार तथा मर्मतसम्भारका लागि सम्बन्धित निकायमा समन्वय भइरेहेको सहायक प्रजिअ बरालले बताउनुभयो। मतदातालाई सहज रूपमा आवतजावत गर्ने व्यवस्थाका लागि बाटोघाटो मर्मतसुधारका लागि पहल गरिएको छ। निर्वाचनलाई स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गराउन जिल्लामा सुरक्षा रणनीतिसेत तयार गरिएको छ। कास्कीमा नेपाली सेना, सशस्त्र प्रहरी बल र जनपद प्रहरीबाट गरी दुई हजार सुरक्षाकर्मी निर्वाचन सुरक्षामा खटिनेछन्। त्यस्तै, दुई हजार तीन सय तीन जना निर्वाचन प्रहरी परिचालन हुने जनाइएको छ।

## ४४ जिल्लाका १०० निर्वाचन क्षेत्रको मतपत्र छपाइ सकियो

**रासस**
काठमाडौं, २७ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ४४ जिल्लाका १०० निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको छ। मतपत्र जनक शिक्षा सामग्री केन्द्र भक्तपुरमा छपाइको काम भइरहेको छ।

सोमबारसम्म कूल एक करोड २२ लाख ५६ हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो। आयोगका अनुसार हालसम्म डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथरको मतपत्र छपाइ सम्पन्न भएको छ।

यस्तै इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम(नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङको पनि मतपत्र छपाइ सम्पन्न भइसकेको छ।

लमजुङ, तनहुँ, स्याङ्जा र बर्दिया गरी ४४ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको छ। मतपत्र छपाइ सम्पन्न भएका विभिन्न जिल्लाको मतपत्र 'प्याकिङ' पनि भइसकेको उहाँले बताउनुभयो। हालसम्म १० हजार ७५९ बाकस मतपत्र प्याकिङ भइसकेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो। पहिलो चरणमा १० लाख ९८ हजार २०० नमुना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ। गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीका लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ। प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ। माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो।

## भ्रष्टाचार नियन्त्रणमा नेपाल स्थिर

**रासस**
काठमाडौं, २७ माघ

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल (टिआई)ले सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकाङ्क, २०२५ अनुसार नेपालले यस वर्ष पनि ३४ अङ्क प्राप्त गरेको छ। गत वर्ष जस्तै अङ्क कायम रहँदा भ्रष्टाचार नियन्त्रणको अवस्थामा उल्लेखनीय सुधार देखिन नसकेको सङ्केत सूचकाङ्कले दिएको छ।


विश्वका १८० देश समेटिएको सूचकाङ्कमा नेपाल १०० मध्ये ३४ अङ्कसहित मध्यमभन्दा कमजोर अवस्थामै रहेको छ। सूचकाङ्कअनुसार शून्य अङ्क अत्यधिक भ्रष्ट र १०० अङ्क अत्यन्त पारदर्शी मुलुकलाई जनाउँछ। टिआई नेपालले सार्वजनिक गरेको विवरणअनुसार नेपालका लागि सूचकाङ्क निर्धारण गर्दा विश्व बैङ्क, विश्व आर्थिक मञ्च, बर्टेल्सम्यान फाउन्डेसन, ग्लोबल इन्साइट, वर्ल्ड जस्टिस प्रोजेक्ट, भी-डेमलगायतका अन्तरराष्ट्रिय संस्थाका तथ्याङ्कलाई आधार बनाइएको छ। दक्षिण एसियाली मुलुकहरूमध्ये भूटानले सबैभन्दा बढी ७१ अङ्क प्राप्त गरेको छ भने भारतले ३९, माल्दिभ्सले ३९, श्रीलङ्काले ३५, पाकिस्तानले २८, बङ्गलादेशले २४ र अफगानिस्तानले १६ अङ्क प्राप्त गरेका छन्। छिमेकी मुलुक चीनले ४३ अङ्क पाएको छ। भूटानबाहेक अधिकांश दक्षिण एसियाली देशमा भ्रष्टाचार गम्भीर समस्याका रूपमा कायम रहेको टिआईको निष्कर्ष छ। राजनीतिक अस्थिरता, कमजोर सुशासन, सार्वजनिक पदको दुरुपयोग, दण्डहीनता र पारदर्शिताको अभाव सूचकाङ्क सुधार नहुनुको प्रमुख कारणका रूपमा उल्लेख गरिएको छ।

प्रतिवेदनमा जनआन्दोलन, युवा सक्रियता र नागरिक दबाब बढ्दै गए पनि त्यसले ठोस नीतिगत तथा संरचनागत सुधारमा रूपान्तरण हुन नसकेको उल्लेख छ। सार्वजनिक सेवा प्रवाह, ठेक्का-पट्टा, कर प्रणाली र न्यायिक प्रक्रियामा अझै पनि भ्रष्टाचारको जोखिम उच्च रहेको टिआई नेपालको निष्कर्ष छ। टिआई नेपालले भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक इच्छाशक्ति, कानुनको पूर्ण कार्यान्वयन, स्वतन्त्र न्यायपालिका, पारदर्शी प्रशासन र नागरिक सहभागिता सुदृढ गर्नुपर्नेमा जोड दिएको छ। टिआईले विश्वभर व्याप्त भ्रष्टाचारको अवस्थाको मूल्याङ्कन गर्दै तयार पारेको सूचकाङ्कमा यस वर्ष १८२ देश समेटिएका छन्।

विश्वव्यापी औसत अङ्क गत वर्षको तुलनामा एक अङ्कले घटेर ४२ मा झरेको छ। सूचकाङ्कअनुसार १०० अङ्क अत्यन्त पारदर्शी र ० अङ्क अत्यधिक भ्रष्ट अवस्थालाई जनाउँछ। एक दशकअघि सूचकाङ्कमा ८० भन्दा बढी अङ्क प्राप्त गर्ने देशको सङ्ख्या १२ रहेकामा सन् २०२५ मा घटेर पाँचमा सीमित भएको छ। टिआईका अनुसार सन् २०१२ यता ५० भन्दा बढी देशमा भ्रष्टाचार नियन्त्रणको अवस्था कमजोर बन्दै गएको देखिन्छ भने सुधार देखाउने देशको सङ्ख्या ३१ मात्रै रहेको छ। समग्रमा विश्वका दुई तिहाइ देशले ५० भन्दा कम अङ्क प्राप्त गरेका छन्।

सूचकाङ्कमा डेनमार्क लगातार आठौँ वर्ष पनि सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकका रूपमा ८९ अङ्कसहित शीर्ष स्थानमा छ। दक्षिण सुडान र सोमालिया समान नौ अङ्कका साथ सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकको सूचीमा छन्। टिआई नेपालका अध्यक्ष मदनकृष्ण शर्माले नेपालको अङ्क गत वर्ष जस्तै यस वर्ष पनि ३४ मा स्थिर रहनु सरकारहरूद्वारा भ्रष्टाचारविरुद्ध ठोस काम हुन नसकेको सङ्केत भएको बताउनुभयो। छवटा अन्तरराष्ट्रिय संस्थाबाटसन्२०२५कोअगस्तसम्मका सुशासनसम्बन्धी तथ्याङ्कलाई आधार मानेर नेपालको मूल्याङ्कन गरिएको हो।

अध्यक्ष शर्माका अनुसार नेपालमा भ्रष्टाचारकै कारण देशले ठूलो धनजनको क्षति व्यहोर्नु परेको, सुशासन कमजोर बनेको र नागरिकमा असन्तोष बढेको अवस्था छ। "यही पृष्ठभूमिमा हालै देखिएका जेनजी तथा युवा आन्दोलनहरू भ्रष्टाचारविरुद्ध केन्द्रित थिए," उहाँले भन्नुभयो, "भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक नेतृत्वको दृढ प्रतिबद्धता, कानुनको पूर्ण कार्यान्वयन, अन्तरराष्ट्रिय प्रतिबद्धता पालना र नियमनकारी निकाय सुदृढीकरण अपरिहार्य छ।" पूर्वअध्यक्ष पद्मिनी प्रधानाङ्गले आगामी निर्वाचनमार्फत भ्रष्टाचारमा संलग्न नहुने, इमानदार र प्रतिबद्ध नेतृत्व चयन गर्नु आजको आवश्यकता रहेकामा जोड दिनुभयो। टिआई नेपालका महासचिव सागरराज शर्माले नेपाल भ्रष्टाचार निरवारणको क्षेत्रमा सफल हुन नसकेको उल्लेख गर्दै आगामी दिनमा भ्रष्टाचार निवारणका लागि सबै क्षेत्रबाट पहल गर्न आवश्यक रहेकोमा जोड दिनुभयो।




## गण्डकीका ९९ दशमलव पाँच प्रतिशत घरमा विद्युत् सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

गण्डकी प्रदेशका ९९ दशमलव पाँच प्रतिशत घरमा विद्युत् सेवाको पहुँच पुगेको पाइएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को प्रतिवेदनअनुसार अन्य प्रदेशको तुलनामा गण्डकीमा सबैभन्दा बढी घरमा विद्युत् सेवा पुगेको देखिएको हो। उक्त सर्वेक्षणको नतिजाअनुसार सबैभन्दा कम कर्णाली प्रदेशमा ८० दशमलव आठ प्रतिशत घरमा विद्युत् सेवा पुगेको छ।

राष्ट्रिय रूपमा भने ९६ दशमलव सात प्रतिशत घरमा विद्युत् सेवाको स्रोतमा निरन्तर पहुँच रहेको उक्त सर्वेक्षणको नतिजाले देखाएको छ। नेपाल बहुसूचक सर्वेक्षणको नतिजाले गण्डकी प्रदेशका सबै घरमा विद्युत् सेवा पुऱ्याएर 'उज्यालो गण्डकी' घोषणा गर्ने प्रदेश सरकारको लक्ष्य चाँडै पूरा हुने देखिएको छ। प्रदेश स्थापनापछि विसं २०७४ मा गठित सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्र सबै घरमा विद्युत् सेवा पुऱ्याउने निर्णय गरे पनि अझै केही घरमा विद्युत् सेवा नपुगेका कारण 'उज्यालो गण्डकी' घोषणा पछाडि धकेलिँदै आएको छ। प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको ऊर्जा शाखा प्रमुख इञ्जिनियर जीवन श्रेष्ठका अनुसार नवलपुरका करिब ३५० घरमा विद्युत् सेवा विस्तार हुन अझै बाँकी छ। नेपाल विद्युत् प्राधिकरणले नवलपुरमा ठेक्कामार्फत विद्युत् विस्तारको

बाँकी अन्तिम पृष्ठमा ▶▶

# राष्ट्रिय महिला फुटबल टोलीकी खेलाडी प्रिती राई पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

राष्ट्रिय महिला फुटबल टोलीकी खेलाडी प्रिती राई पोखरामा पुरस्कृत हुनु भएको छ।

सहारा क्लवको आयोजनामा पोखरामा मंगलबार देखि सुरु भएको आहा ! रारा पोखरा गोल्डकपलाई २५ औँ संस्करणको उद्घाटनको अवसरमा राईलाई सम्मान पत्रको साथमा ५१ हजार सहित क्लवले पुरस्कृत गरेको हो। नेपाली फुटवल खेलकुदको विकासमा राईले पुर्याएको योगदानलाई उच्च कदर गर्दै क्लवले उनलाई पुरस्कृत गरेको क्लवका अध्यक्ष केशव बहादुर थापाले बताउनु भयो। पोखराका मेयर धनराज आचार्यले उहाँलाई सम्मान गर्नु भएको हो।



उक्त पुरस्कारको प्रायोजन भने खेलकुदकर्मी खेमबहादुर गुरुङले गर्नु भएको हो। सहारा क्लब पोखराले हरेक वर्ष प्रदान गर्दै आएको सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी सम्मानबाट यस वर्ष राई सम्मानित गरिएको प्रतियोगिताका संयोजक पूर्ण बहादुर गुरुङले बताउनु भयो। त्यसै गरी सहारा क्लवले उक्त गोल्ड कपको रजत महोत्सवको अवसरमा २५ जना विभिन्न क्षेत्रका व्यक्ति तथा संघ संस्थाहरुलाई सम्मान गरेको छ। सम्मानित हुनेहरुमा हिमश्री फुड्स प्रा.लि.का निर्देशक प्रकाश के.सी., किरण के.सी., रोशन के.सी., गोल नेपालका विक्रम थापा, खेल पत्रकार अजय फुयाल, प्रकाश तिमिल्सिना, संचारकर्मी दिपेन्द्र श्रेष्ठ, गोर्खा मिडियाका मिलन तमु, दिलिप राई, राष्ट्रिय खेलकुद परिषद, अखिल नेपाल फुटबल संघ, समाजसेवी हरिकुमार श्रेष्ठ, प्रकाश शेरचन, खेम बहादुर गुरुङ, टिका बहादुर कार्की, सुनिल कुमार गुरुङ, फेवा सिटी हस्पिटल, बुद्ध एयर, देव गुरुङ, पोखरा महानगरपालिका, स्व. हेम बहादुर गुरुङ, स्व. राजमान थकाली, दिपक गुरुङ, कृष्ण गुरुङ र केशवराज बराल रहनु भएको छ। आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रा.लि. (आहा तथा रारा तयारी चाउचाउ) रहेको छ भने प्रतियोगितामा पोखरा महानगरपालिका संरक्षकका रूपमा रहेको छ।

# लेकसिटी कलेजमा स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

पोखराको गैरापाटनस्थित लेकसिटी कलेज एण्ड रिसर्च सेण्टरका विद्यार्थीहरु विच शनिवार बेग्लै रौनकमा थियो।

मनमा हल्का संकोच र आँखामा सुनौला सपना बोकेर क्याम्पस छिरेका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्न दोस्रो वर्षका अग्रज विद्यार्थीहरू उत्साहित देखिन्थे। औपचारिकताभन्दा माथि उठेर आत्मीयता साटासाट गर्न आयोजित स्वागत समारोहमा सहायक क्याम्पस प्रमुख शोभाकान्त सिग्देल मञ्चमा उक्लिएर पोडिएमबाट भने विद्यार्थीलाई क्याम्पसको मुटु भने उता तालीले गुञ्जीयो हल। सिग्देलले विद्यार्थी मात्र भन्नुभएन, 'फूल'को रुपमा चिनाए। "हामी हाम्रा विद्यार्थीलाई यस्तो फूल बनाउन चाहन्छौँ, जुन फूल फक्रियोस् र स्वदेशदेखी विश्व बजारमा आफ्नो सुगन्ध फैलाउन सकोस्," उनको भनाइसँगै सभाहल तालीको गडगडाहटले गुञ्जियो। लेकसिटी कलेज संचालक समितिका अध्यक्ष प्रा.डा. विश्वकल्याण पराजुलीले नवआगन्तुक विद्यार्थीहरुलाई स्वागत गर्दै कलेजको नियमित प्रकाशन 'लेकसिटी बुलेटिन' को उदाहरण दिँदै कलेजले विद्यार्थीका विचार, सोच र सिर्जनालाई प्रस्फुटन गर्ने अवसर दिएको बताए। "यहाँ विद्यार्थीहरू आफैं लेख्छन्, सम्पादन गर्छन् र प्रश्न उठाउँछन्, जसले उनीहरूमा आत्मविश्वास र बौद्धिकताको विकास गराउँछ," प्रा.डा. पारजुलीले भने। कलेजले कक्षाकोठाको पढाइलाई मात्र सिमित नराखी समाजकार्य, क्षेत्र अध्ययन र परियोजना कार्य (एचयवभअत ध्यचप) मा विशेष जोड दिएको पराजुलीले प्रष्ट पारे। यस्ता व्यावहारिक गतिविधिले विद्यार्थीलाई कक्षाकोठाभन्दा बाहिर लगेर समाजका वास्तविक समस्या बुझ्न, जनजीवनसँग जोडिन र समाधान खोज्न सिकाउने उनको भनाइ थियो। लेकसिटी कलेज संचालक समितिका अध्यक्ष प्रा.डा. पराजुली र क्याम्पस प्रमुख नारायण कुमार श्रेष्ठले प्रथम वर्षका विद्यार्थीहरुलाई कलेजको व्याच लगाएर स्वागत गरेका थिए। कार्यक्रम गम्भीर मन्तव्यमा मात्र सीमित रहेन, पेट मिचीमिची हसाउने रमाइला क्षणले पनि रंगियो। बिए दोस्रो वर्षमा अध्ययनरत छात्र सन्देश शर्माले 'दाइ नभन्नुहोला' शीर्षकको ठट्यौली कविता वाचन गर्दा सबैमा हाँसोले गुञ्जियो। उनको कविताले जुनियर र सिनियरबीचको दूरी मेटाउँदै मित्रताको नयाँ ढोका खोलिदियो। क्याम्पस सञ्चालक समितिका अध्यक्ष पराजुलीले कार्यक्रममा शैक्षिक उत्कृष्टता हासिल गर्ने बिए प्रथम वर्ष २०८१ बाट रोजिना वाग्ले र बिबिएस प्रथम वर्ष २०८१ बाट उत्कृष्ट अकं ल्याउने प्रज्वल श्रेष्ठलाई सम्मान पत्रले सम्मान गरियो। यसले नयाँ विद्यार्थीमा पनि 'हामीले पनि केही गरेर देखाउनुपर्छ' भन्ने आत्मविश्वास जगायो। बिए दोस्रो वर्षमा अध्ययनरत स्नेहा सुनारको अधक्षतामा भएका कार्यममा बिए दोस्रो वर्षमा अध्ययनरत रोजीना वाग्ले र दीपा दवाडीलो संचालल गरेका थिए। पहिलो, दोस्रो र तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरूको आकर्षक सांस्कृतिक नृत्यले कार्यक्रमलाई अझ जीवन्त बनायो। स्वागत कार्यक्रम समारोहमा सीमित रहेन, लेकसिटी कलेजमा नयाँ र पुराना विद्यार्थीहरुबीचको सम्बन्ध प्रगाढ बनाउने अविस्मरणीय उत्सव बन्यो।



# बिटी कपमा सकियो प्रिक्वाटर, बुधबार क्वाटरका खेल हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

पोखरा महानगरपालिका १ टुंडिखेलमा जारी 'नवौं विरेन स्मृति एवम् १९ औं बिटी कप सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा प्रिक्वाटरफाइनलका खेल सकिएका छन्।

बुद्धटोल युवा क्लबको आयोजनामा जारी प्रतियोगितामा आज प्रिक्वाटरफाइनलका सम्पूर्ण खेल सकिएको खेल संयोजक रामकाजी गुरुङले बताए। उनका अनुसार आज भएको पहिलो खेलमा दीप युनाइटेडले रामघाटलाई १-० गोल अन्तरले पराजित गर्दै दीप क्वाटरफाइनलमा प्रवेश गर्यो। दीप युनाइटेडको जीतमा लोकेन छन्त्याललले निर्णायक गोल गरे।



यसैगरी दोस्रो खेलमा डेभिज फल्सले लभ्ली ब्वाइजलाई २-० गोल अन्तरले हरायो। डेभिज फल्सको जीतमा सँगम गुरुङ र विरेन्द्र मल्ल ठकुरीले समान १/१ गोल गरे। तेस्रो खेलमा लामागाउँ गुम्बा 'टिम बि'ले एट टु नाइनमाथि १-० गोल अन्तरले सँघर्षपूर्ण जीत निकाल्यो। लामागाउँको जीतमा समन श्रेष्ठले निर्णायक गोल गरे। चौंथो खेलमा फायर पिज्जाले एनएसवाइसीलाई ३-० गोल अन्तरले पराजित गर्यो। फायर पिज्जाको जीतमा अंकित गुरुङले २ गोल गरे भने नवराज गुरुङले १ गोलको योगदान दिए। यसैगरी पाँचौ खेलमा बिटी क्लब 'टिम बि'ले रामघाट हरियोलाई २-० गोल अन्तरले पराजित गर्यो। बिटीको जीतमा नारायण कार्कीले २ गोल गरे। आयोजक बिटी 'टिम ए' र ठमेल एकताबीच भएको छैटौं खेल गोलरहित भएपछि पेनाल्टीमा आयोजक ३-२ गोल अन्तरले विजयी बन्दै क्वाटरफाइनलमा प्रवेश गर्यो। यसैगरी स्याङ्जा युथ क्लब र एमटियुसीबीच भएको सातौ खेल पनि गोलरहित भएपछि पेनाल्टीमा ४-३ गोल अन्तरले एमटियुसी विजयी बन्यो। मंगलबार भएको अन्तिम खेलमा लामागाउँ गुम्बा 'टिम ए'माथी रामघाट ह्वाइटले ४-० को फराकिलो गोल अन्तरले सहज जीत निकाल्यो। रामघाटको जीतमा विश्वास श्रेष्ठले २ गोल गरे। यस्तै आयाम क्षेत्री र सविन नेपालीले समान १/१ गोलको योगदान दिए। अब बुधबार वाटरफाइनलका ४ खेल हुने क्लबका अध्यक्ष सन्तोष गुरुङले जानकारी दिए। उनका अनुसार प्रतियोगिताको विजेतालाई २ लाख २ सय २२ रुपैयाँ र उपविजेतालाई १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ।

# गण्डकीका ...

काम गरिरहको उहाँले बताउनुभयो। प्रदेश सरकारले सोधभर्नाबापतको रकम प्राधिकरणलाई समयमा भुक्तानी गर्न नसक्दा पनि काम प्रभावित भएको इञ्जिनियर श्रेष्ठले जानकारी दिनुभयो।

प्रदेश सरकारले नीति, कार्यक्रम र बजेटमासमेत बर्सेनि 'उज्यालो गण्डकी' घोषणको योजना समेट्दै आएको छ। "चालु आवमा विद्युत् विस्तारका लागि प्रदेश सरकारले रु १३ करोड बजेट छुट्वाएको छ। मन्त्रालयले गत वर्ष विद्युत् प्राधिकरण र स्थानीत तहसँगको समन्वयमा बिजुली नपुगेका घरधुरीको खोजी र पहिचान गरिसकेकाले सोहीअनुसार काम भइरहेको छ", इञ्जिनियर श्रेष्ठले भन्नुभयो।

सरकारी संयन्त्रबाट पहिचान हुन नसकेका अवस्थामा बिजुली नपुगेका घरलाई स्वघोषणा गरेर आउनसमेत मन्त्रालयले सार्वजनिक रूपमा सूचित गरेको थियो।

प्रदेशका २८ वटा स्थानीय तहका एक हजार ३१७ घरमा बिजुली नपुगेको तथ्याङ्क छ। प्राधिकरणका १३ वटा वितरण केन्द्रमार्फत प्रदेशका ११ वटै जिल्लामा विद्युतीकरण गरिएको छ। लघजलविद्युत् पनि नभएका ठाउँमा घरेलु सौर्य ऊर्जा जडानका लागि प्रदेश सरकारले अनुदानको व्यवस्थासमेत गरेको छ। मन्त्रालयका अनुसार गण्डकी प्रदेशको विद्युतीकरणमा राष्ट्रिय प्रसारण लाइनको योगदान ९५ दशमलव ६८ प्रतिशत छ भने बाँकी लघुजलविद्युत्, नवीकरणीय ऊर्जा आदिको छ।

राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका मुस्ताङ, मनाङ, म्याग्दी, बागलुङ र गोरखाका आठ स्थानीय तहका एक हजार ५९६ घरमा प्रदेश सरकारको ७५ प्रतिशत अनुदानमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरिएको छ। संस्थागत सौर्य ऊर्जा जडान कार्यक्रमबाट विभिन्न जिल्लामा गरी कुल १९२ किलोवाट क्षमताको सौर्य ऊर्जा जडान गरिएको जनाइएको।

प्रदेशमा रहेका ९० वटा लघुजलविद्युत् आयोजनाबाट तीन हजार २९५ किलोवाट बिजुली उत्पादन भइरहेको छ, जसबाट १५ हजार ४४० घरधुरीमा बिजुली पुगेको छ।

# आहा ! रारा पोखरा गोल्डकपको उद्घाटन खेलमा आयोजक सहारा क्लवको विजयी सुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता-२०८२ को उद्घाटन खेलमा आयोजक सहारा क्लवले विजयी सुरुवात गरेको छ।

पोखरा रंगशालाको फुटबल मैदानमा आज साँझ भएको उद्घाटन खेलमा आयोजक सहाराले पाहुना टोली हङकङको गोर्खा इन्टरनेशनल फुटबल क्लबलाई १–० को गोल अन्तरले पराजित गर्दै विजयी सुरुवात गरेको हो। खेलको इन्जुरी समयमा सहाराका प्रशन्न श्रेष्ठले गोल गर्नु भएको हो। ९० मिनेटको खेलमा थपिएको ४ मिनेटको इन्जुरी समयको तेश्रो मिनेटमा श्रेष्ठले करिब २० यार्ड भन्दा टाढाबाट प्रहार गरेको वलले जालु चुमेको हो। आहा रारा पोखरा गोल्ड कपमा हङकङबाट पहिलो पटक सहभागि भएको गोर्खा इन्टरनेशनल फुटबल क्लवले पाएका केही अवसरलाई सदुपयोग गर्न नसक्दा पहिलो खेलबाटै बाहिरिनु पर्‍यो।

बुधबार जाउलाखेल युथ क्लव बिरुद्ध मछिन्द्र फुटवल क्लव बिच खेल हुने भएको प्रतियोगिताका संयोजक पूर्णबहादुर गुरुङले बताउनु भयो। फागुन ९ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा ३ विदेशी सहित १२ टिमको सहभागिताल रहेको सहारा क्लबका अध्यक्ष केशवबहादुर थापाले बताउनु भयो। प्रतियोगिताको उद्घाटन पोखराका मेयर धनराज आचार्यले गर्नु भएको हो। हिमश्री फुड्स प्रा.लि.को मुख्य प्रायोजनमा उक्त प्रतियोगिता अस्थायी फ्लटलाइटमा संचालन भएको छ।

# लेकसिटी स्टुडेन्ट वेलफेयर क्लबको अध्यक्षमा सफल सुवेदी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

विद्यार्थीहरूको हकहित संरक्षण, क्षमता अभिवृद्धि तथा सामाजिक सेवामा सक्रिय रहने उद्देश्यका साथ पोखरामा 'लेकसिटी स्टुडेन्ट वेलफेयर क्लब' विधिवत् रूपमा स्थापना गरिएको छ।

हालै सम्पन्न विशेष विद्यार्थी भेलाले सफल सुवेदीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो। नवगठित समितिको प्रथम उपाध्यक्षमा रोजिना वाग्ले र द्वित्तीय उपाध्यक्षमा पवित्रा सुवेदी चयन हुनुभएको छ। त्यसैगरी सचिवमा उमेन्द्र गुरुङ र सह-सचिवमा निश्चल उदास रहेका छन्। आर्थिक पारदर्शिताको जिम्मेवारी कोषाध्यक्षमा सन्देश शर्मालाई चयन गरिएको छ। क्लबलाई संस्थागत मार्गदर्शन तथा अभिभावकत्व प्रदान गर्न सहायक क्याम्पस प्रमुख शोभाकान्त सिग्देललाई सल्लाहकारका रूपमा मनोनयन गरिएको छ। समितिका सदस्यहरूमा इविक कर्माचार्य, निकिता सुवेदी, शिशिर बरुवाल, सुवोध गायक र प्रशंसा कायस्थ रहेका छन्। ऊर्जाशील युवाहरूको सहभागिता रहेको यस समितिले विद्यार्थी क्षेत्रमा नयाँ आयाम थप्ने विश्वास लिइएको छ। नवनियुक्त अध्यक्ष सुवेदीले पदभार ग्रहण गर्दै भने, "विद्यार्थीका समस्या समाधानमा पुलको भूमिका निर्वाह गर्दै समाजमा सकारात्मक प्रभाव पार्ने रचनात्मक गतिविधि सञ्चालन गर्नु हाम्रो मुख्य उद्देश्य हो। क्लबले आगामी कार्ययोजना अन्तर्गत शैक्षिक कार्यशाला, नेतृत्व विकास तालिम तथा सामाजिक चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य राखेको छ। पोखराका विद्यार्थीहरूको चौतर्फी विकासका लागि यो क्लब एक दरिलो र साझा प्लेटफर्म बन्ने अपेक्षा गरिएको छ।



**बाह्य विज्ञापन (होर्डिङ बोर्ड) राख्दा ध्यान दिऔं।**

- ◆बाह्य विज्ञापन (होर्डिङ बोर्ड) राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहको अनुमति लिऔं।
- ◆अनुमति लिंदा होर्डिङ बोर्ड राख्ने स्थान र आकार प्रकारबारे उल्लेख गरौं।
- ◆होर्डिङ बोर्ड राख्न उपयुक्त भए नभएको स्थानीय तहले जाँचबुझ गरेरमात्र अनुमति प्रदान गरौं।
- ◆शहर तथा घना वस्तीमा होर्डिङ बोर्ड राखिने भएकोले जिउ धनको क्षति हुने/नहुने प्राविधिक निरीक्षण गराऔं।
- ◆अनुमति दिंदानै तोकिएको शुल्क प्राप्त गरौं।
- ◆ बाह्य विज्ञापन गर्दा अनुमति शुल्क, नविकरण शुल्क, बहाल वा बहालकर तथा विज्ञापन कर संकलन गरौं।
- ◆बाह्य विज्ञापनलाई स्थानीय तहको आम्दानीको स्रोतको रुपमा विकास गरौं।
- ◆बाह्य विज्ञापनको लागि विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुरुप स्थानीय तहले विज्ञापन ऐन निर्माण गरौं।

स्थानीय तहको आम्दानी बृद्दि गरौं, गाउँ तथा शहर सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो। - लियो टोल्सटोय

## सम्पादकीय

# नेपाल अति भ्रष्टाचार हुने मुलुकमै दर्ज

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि भदौ २३/२४गतेको नेपालमा भएको नवयुवा आन्दोलनले विध्वंस गरेर मानवीय र भौतिक क्षति पुऱ्याएको छाभ्रष्टाचार विरुद्ध अझै निकै संघर्ष गर्नुपर्ने देखिएको छ। सरकारमा कार्यकारी भूमिकामा रहने राजनीतिज्ञ, कर्मचारी र आमनागरिकमा सुशासनप्रतिको दायित्वबोध नहुन्जेल भ्रष्टाचार नियन्त्रणमा आशातित सफलता हासिल गर्न नसकिने भएको छ। सबैभन्दा पहिला निष्ठा, सिद्धान्त र विचारसहित मूल्यमान्यताको राजनीति स्थापित हुनुपर्छ। राज्यका अंगहरूमा दलीयकरण हुनु हुँदैन। कर्मचारीले खाएको घुस र माछाले खाएको पानीको हिसाब राख्न सकिन्न भनेर विद्वान् चाणक्यले भनेका थिए। तर ऊ बेलाको जस्तो अवस्था अहिले छैन,।अहिलेका नेता, कर्मचारीले माछाले पानी खाएको जस्तो गरिमात्रै घुस खाँदैनन्, भ्रष्टाचार गर्दैनन्। सात पुस्तालाई पुग्ने गरी सम्पत्ति थुपार्ने ध्याउन्नमा लागेकाहरूको चरित्र विचित्रको छ।

राष्ट्रसेवकको आवरणमा कतिपयले राज्य स्रोतको दुरुपयोग गरी करोडौंकरोड थुपारेका उदाहरण सामान्य हुन थाल्नु मुलुकमा भ्रष्टाचार कतिसम्म मौलाएको छ भन्ने दृष्टान्त हो। घुस खाने र भ्रष्टाचार गर्ने नेता, कर्मचारीमात्रै होइनन्। बदनियत भएका सीमित त्यस्ता कर्मचारी र नेतादेखि व्यापारी एवं विभिन्न पेसा, व्यवसायी पनि भ्रष्टाचार गर्छन्, लुटपाट र चोरी गर्छन्। वा भ्रष्टाचारको मतियार बन्छन्। त्यसैले त ट्रान्सपरेन्सी इन्टर नेसनलले निकालेको भ्रष्ट मुलुकहरूको यो वर्षको सूचीमा नेपाल १०९औं स्थानमा दर्ज भयो। नेपालले ३४ अंक प्राप्त गरेको छायो गत वर्षको जति नै अंक प्राप्त गरेर भ्रष्टाचार हुने मुलुकमा कायमै छ।

भ्रष्टाचारका रूप बहु छन्। अर्थात् भ्रष्टाचार बहुरुपिया छ। घुस खानु एक खालेको भ्रष्टाचार हो। भ्रष्टाचार त्यतिमा सीमित हुँदैन। आफ्नालाई मात्रै फाइदा हुने गरी नीति निर्माण गरिदिने भ्रष्टाचार भन्नै ठूलो छ। नियम कानुन बनाएर भएभरको सुविधा लिने र जनताका लागि अत्यावश्यक सेवामा कन्जुस्याइँ गर्ने प्रवृत्तिलाई पनि भ्रष्टाचारै भन्नुपर्छ। काम मिलाइदिने वा सेटिङको भ्रष्टाचार अर्कोथरी छ। बिचौलियाहरू सेटिङ मिलाउँछन् र कमाउँछन्। किन्नै नपर्ने सामान किन्ने वा बनाउने नपर्ने आयोजना र योजना बनाएर गर्ने कर्म नांगा आँखाबाट झट्ट होइन कि जस्तो लाग्ने भ्रष्टाचार हो राज्यका नियुक्तिहरूमा आफ्ना र आफ्नामात्रैलाई अवसर दिनु राजनीतिमा मौलाइरहेको भ्रष्टाचार छ अर्को।

भ्रष्टाचार कतिपय अवस्था सीधै कानुनको नजरमा प्रष्ट हुन्छ र कारबाहीको दायरामा पनि ल्याउन सकिन्छ। अर्कोतर्फ, भ्रष्टाचार मिलिभगतमै हुने हुँदा सबै काण्डहरू राज्यका जिम्मेवार निकायले पत्ता लगाउन सक्दैन पनि। यसै त मुलुकमा सुशासन छैन। राज्यका अंग र निकायहरू कमजोर छन्। न्यायापालिकामै राजनीतिक भागबन्डाको भ्रष्टाचार दलहरूले गरिरहेका छन्। यी बहुरुपिया र बहुचरित्रका भ्रष्टाचारको नियन्त्रणको पहिलो कदम राजनीतिबाट सुरु नगरी सम्भव हुन्न। जेनजी आन्दोलनले भ्रष्टाचारको विरोधमा गरेको वलिदान सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा मुद्दा चलेकालाई उन्मुक्ति दिएर घात गर्ने काम भएको छ। निर्वाचनमा राजश्व छलि गर्ने व्यापारीको गाडी प्रयोग देखि अदृश्य लेनदेनले आउने संसदमा पनि तिनै विचौलीयाको चाहनाअनुसार काम हुनेछ। पुराना खराब भन्दै नयाँ पनि उहीं बाटोमा हिडेका छन। सबैभन्दा पहिला निष्ठा, सिद्धान्त र विचारसहित मूल्यमान्यताको राजनीति स्थापित हुनुपर्छ। राज्यका अंगहरूमा दलीयकरण हुनु हुँदैन। योग्यलाई जिम्मेवारी दिने संस्कार बसालुपछी तबमात्रै डसदाचार स्थापित गर्न सक्छ। होइन भने भ्रष्टाचारविरुद्ध नारा नारामै सीमित हुनेछ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | शत्रुको भय | तुला | मानसिक तनाब |
| वृष | कार्यमा सफलता | वृश्चिक | ब्यापारमा लाभ |
| मिथुन | सहयोग मिल्नेछ | धनु | झमेला बढ्ने |
| कर्कट | सत्कार मिल्नेछ | मकर | शुभ यात्रा |
| सिंह | अप्रत्यसित लाभ | कुम्भ | स्वास्थ्यमा सुधार |
| कन्या | शारीरिक झमेला | मीन | आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आवास, माटो हेर्नका लागि सम्झनुहोस्।

# गाईभैंसी खरिद गर्न अनुदान

पोखरापत्र संवाददाता
पर्वत, २७ माघ

मोदी गाउँपालिकाले व्यावसायिक रूपमा दूध उत्पादनका लागि उन्नत जातका गाईभैंसी खरिद गर्न किसानलाई अनुदान दिने भएको छ।

आर्थिक अभावका कारण व्यवसाय सुरु गर्न नसकेका तथा निरन्तर व्यवसाय गर्दै आएका किसानलाई प्रोत्साहन गर्न अनुदान वितरण गरिने भएको हो। गाउँपालिकालाई दूध उत्पादनमा आत्मनिर्भर गराउँदै व्यावसायिक किसानको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले यस वर्षदेखि गाईभैंसी खरिदमा अनुदान दिन लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम पुरीले जानकारी दिनुभयो।

प्रशासकीय अधिकृत पुरीका अनुसार प्रति एक गाई वा भैंसी खरिद गर्ने किसानलाई रु २५ हजार अनुदान दिइने छ। कुनै सहकारी, सामूहिक वा व्यक्तिगत व्यावसायिक फार्म तथा पालिकाभित्रका जुनसुकै किसानले पनि अनुदान लिनसक्ने छन्। अनुदान लिन सम्बान्धित वडा कार्यालयको सिफारिस, तोकिएको निवेदन र परियोजना प्रस्ताव, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालनका लागि जग्गा करारमा लिएको कम्तीमा पाँच वर्षको सम्भौतापत्र वा जग्गाधनी पुर्जा उपलब्ध गराउनुपर्ने गाउँपालिकाारा प्रकाशित सूचनामा उल्लेख छ।

बढ्दो युवा पलायन, बाँदर आतङ्क, बजार अभावलगायत कारणले कृषि तथा पशुपालन व्यवसायमा लाग्ने किसानको सङ्ख्या न्यून हुँदै गएका बेला यसतर्फ आकर्षित गर्न यो कार्यक्रमबाट प्रोत्साहन मिल्ने मोदी गाउँपालिकाका अध्यक्ष हिरादेवी शर्माले बताउनुभयो। उहाँले गाईभैंसी खरिद गर्न माग बढ्दै गएमा अर्को वर्ष लगायी बढाउँदै जाने बताउनुभयो।

पोखरा-बागलुङ सडक तथा अधिकांश वडा तहसम्म कालोपत्र सडकको पहुँच पुगेको मोदी गाउँपालिका कृषि तथा पशुपालनका लागि उर्वर भूमि मानिन्छ। अहिले पनि बाजुङ, देउपुर, भुकताइले, तिलाहारलगायत स्थानका किसानले व्यावसायिक रूपमा गाईभैंसीपालन, कुखुरापालन तथा बाख्रापालन व्यवसाय गर्दै आएका छन्।

# उम्मेदवार रानाभाट मादी गाउँपालिकामा



पोखरापत्र संवाददाता
पोखरा, २७ माघ

नेपाली काङ्ग्रेसको तर्फबाट कास्की क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य उम्मेदवार तिलक रानाभाट मतदाता भेट्न कास्कीको मादी गाउँपालिका पुगेका छन्।

उनले सोमबार र मंगलबार दुई दिन मादी गाउँपालिकाका विभिन्न वडामा नागरिकहरूसँग भेटघाट सँगै अन्तरक्रिया गरी सुझाव लिएका छन्। नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य समेत रहेका उनी मादीको सिक्लेस, ताङतिङ, सेतीखोला, घ्याम्राङ, छाचोक, तप्राङ, खिलाङ लगायतका स्थानमा पुगेका छन्।

भेटघाटका क्रममा उम्मेदवार रानाभाटले देशभित्र नै उपलब्ध स्रोत साधनको उचित प्रयोग गर्नुपर्नेमा जोड दिए। देशलाई आर्थिक उन्नतिको बाटोमा लैजानुपर्नेमा उनको जोड थियो।

कार्यक्रममा नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य कृष्ण केसी, महासमिति सदस्य दीपक गुरुङ माइला, मादी गाउँपालिकाका नेताहरू मन्त्रीजंग गुरुङ, राजकुमार गुरुङ, बिन गुरुङ, सुरेन्द्र क्षेत्री कृष्णबहादुर सापकोटा, रणध्वज गुरुङ, राम गुरुङ, सन्तोष गुरुङ टंकप्रसाद गुरुङ, देवीजंग गुरुङ, भोजबहादुर क्षेत्री, सन्तोष शाही, कमल सापकोटा, मिना सापकोटा, विशाल गुरुङ, नन्द प्रसाद गुरुङ लगायतले बोलेका थिए।

# 'राउण्ड फेवा, भ्युफेवा' पदमार्ग प्रवर्द्धन

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ

हाइकर्स क्लब नेपालले पोखरा र आसपासका गन्तव्यको प्रवर्द्धन गर्ने उद्देश्यका साथ विगत सात वर्षयता सञ्चालन गर्दै आएको हाइकिङको ६७औं शृङ्खला फेवाताल किनाराको पदमार्ग 'राउण्ड फेवा, भ्युफेवा' मा सरसफाइसहित सम्पन्न गरेको छ।

हरेक महिनाको तेस्रो शनिबार गर्दै आइएको हाइकिङको यो शृङ्खला फेवातालको किनार स्थित रानिवनभित्रको पदमार्ग 'राउन्ड फेवाः भ्यु फेवा'को सरसफाइसहित सम्पन्न गरिएको हाइकर्स क्लब नेपालका अध्यक्ष कृष्ण रानाभाटले जानकारी दिनुभयो। हाइकिङका माध्यमबाट विभिन्न गन्तव्यको प्रवर्द्धनसँगै सामाजिक उत्तरदायित्वअन्तर्गत सरसफाइ आदि कार्य गरिँदै आइएको उहाँले बताउनुभयो। उहाँका अनुसार हाइकिङका क्रममा पदमार्ग क्षेत्रमा रहेको प्लास्टिकजन्य फोहर चार बोरा सङ्कलन गर्दै त्यसको व्यवस्थापन गरिएको थियो। पोखरामा विभिन्न सेवा पेसा र व्यवसायमा आबद्ध व्यक्तिहरू हरेक महिनाको तेस्रो शनिबार हाइकर्स क्लब नेपालले सञ्चालन गर्दै आएको हाइकिङमा सहभागी बन्ने गरेका छन्।

# जन्मथलो भरत पोखरीमा स्थानीय बासिन्दासँग रश्मि आचार्य

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ



आगामी फागुन २१ गते हुने निर्वाचनमा कास्की निर्वाचन क्षेत्र न २ मा ने क पा (एमाले )का उम्मेदवार रश्मि आचार्य लाई उनको जन्मथलो पोखरा ३३ भरत पोखरीका स्थानिय बासिन्दाले आफ्नै टोलमा देखिने र संसदमा जनताका कुरा राखेर परिणाम निकाल्न सक्षम उम्मेदवार भएको प्रतिक्रिया दिएका छन।

प्रतिबद्धता पत्रका लागि सुझाव संकलन गर्न आफ्नो जन्मथलो भरत पोखरीका टोल र बस्ती बस्ती पुगेका उम्मेदवार आचार्यलाई ठाउँ बुझेको, जनताको सारथि भएको र समस्यालाई समाधान सहित उजागर गर्न सक्षम आफ्नो रोजाइको उम्मेदवार आचार्य भएको भन्दै निर्धक्क हुन आश्वस्त पारेका छन। न हिजोका हाम्रा प्रतिनिधिले कसैलाई अन्याय गरे न फेरि आउने कुनै प्रतिनिधिले कुनै घात गर्नेछन। हिजोका प्रतिनिधिले सधैं बिकास र नीति बहसमा अब्बल उदाहरण प्रस्तुत गरेको भन्दै रश्मि झन उत्कृष्टताको संभावना भएको स्थानिय ७५ बर्षिय लाल बहादुर नेपालीले उल्लेख गरे। हामीलाई काम चलाउ हैन राष्ट्रिय राजनिती र देश बिकास संगै नीति निर्माणमा प्रभावशाली भुमिका खेल्ने प्रतिनिधि चाहिएको त्यो उहाँबाट संभब छ। अर्का स्थानिय श्रीमाया नेपालीले बताइन। हामी कहिल्यै लहडमा हिडेनौ, दक्षिण पोखराको भरत पोखरीको सुन्दर पर्यटकीय परिकल्पना भौतिक बिकाससँगै

पूर्णतातर्फ लम्केको छ ,अब यो पूरा गर्ने दायित्व रश्मिलाइ सुम्पनु छ स्थानिय तिक्लाङ निवासी मेघनाथ ढकालले थपे। जसले गर्छ जनहित उसको हुन्छ जित त्यो क्षमता आचार्य संग छ ढकालले उल्लेख गरे।

सुन्दर पर्यटकीय केही आकर्षक गन्तब्य निर्माणका लागि रश्मीको विजयको लागि आतुर छौं। भरत पोखरीलाई अब डेस्टिनेसन प्याराडाइज बनाउनेतर्फ हामी दृढ संकल्पित छौ त्यो काम आचार्य बाट संभब छ अर्का स्थानिय शान्ति आचार्यले जिकिर गरिन। सुझाव ग्रहण गर्दै उम्मेदवार आचार्यले जन्म ठाउँको अपार साथले आफ्नो बिजय सुनिश्चित भैसकेको भन्दै सबैका साथले अब्बल जनप्रतिनिधि भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

स्थानियहरूको उत्साहपूर्ण सहभागीतामा सुझाव लिन सक्रिय उम्मेदवार आचार्य विद्यार्थी राजनितिबाट उदाएका कुशल, इमान्दार र बौद्धिक छवि भएका उम्मेदवारको परिचय बनाएका ब्यक्ति हुन।

# म्याग्दीमा ३१ करोड ६० लाखको सुन्तला उत्पादन

पोखरापत्र संवाददाता
म्याग्दी, २७ माघ

यस वर्ष म्याग्दीमा रु ३१ करोड ६० लाख मूल्य बराबरको सुन्तला उत्पादन भएको छ।

सुन्तला म्याग्दीको प्रमुख नगदेबाली हो। ४३० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर १० दशमलब पाँच मेट्रिकटनका दरले चार हजार ५१५ मेट्रिकटन सुन्तला उत्पादन भएको कृषि विकास कार्यालय, म्याग्दीले जनाएको छ।

जिल्लाका विभिन्न ठाउँका बगैंचामा बाली कटानी गरेर सुन्तला उत्पादनको तथ्याङ्क सङ्कलन गरिएको कार्यालयका प्रमुख सञ्जीव बाँस्तोलाले जानकारी दिनुभयो। "४३० हेक्टर जमिनको बगैंचामा सुन्तला उत्पादन भएको छ," उहाँले भन्नुभयो "किसानले सरदर प्रतिकिलो रु ७० का दरले रु ३१ करोड ६० लाख मूल्य बराबरको सुन्तला बिक्री गरेका छन्।"

म्याग्दीको ८३५ हेक्टर क्षेत्रफलमा सुन्तलाको बगैंचा रहेको छ। गतवर्ष ४२५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव २५ मेट्रिक टनका दरले चार हजार ७८१ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो। गत वर्ष रु ३४ करोड मूल्य बराबरको सुन्तला बिक्री भएको थियो। गत वर्षको तुलनामा पाँच दशमलव ५६ प्रतिशतले उत्पादन घटेको हो। यस वर्ष विभिन्न रोगकीराको सङ्क्रमण नभए पनि बोटमा दाना पातलो लागेकाले उत्पादन घटेको कार्यालय प्रमुख बाँस्तोलाले बताउनुभयो।

"यस वर्ष मौसमले साथ दिएको हो। रोगकीरा नदेखिएको र विपद्ले क्षति नगरे पनि यसपालि दाना कम लागेको छ", बाँस्तोलाले भन्नुभयो, "एक वर्ष अत्यधिक फल्ने र अर्को वर्ष कम दाना लाग्ने सुन्तलाखेतीको प्राकृतिक विशेषताका कारण उत्पादनमा असर परेको हो।"

सुन्तलाखेती हुने जमिनको क्षेत्रफल र मूल्य बढे पनि उत्पादकत्वमा कमी आएको हो। गतवर्ष प्रतिकिलो रु ६५ का दरले सुन्तला बेचेका किसानले यस वर्ष प्रतिकिलो रु पाँच बढी मूल्यमा बिक्री गरेका छन्। राखु, मरेक, सुर्केमेला, बरङ्जा, भैँडाबारी, अर्मन, रुम्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, धार, भुरुङ तातोपानी, दाना र नारच्याङमा दुई सयभन्दा बढी सुन्तला बगैंचा रहेका छन्। जिल्ला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौं, पोखरा, मुग्लिनगायत बजारमा सुन्तला बिक्री भएको मङ्गला गाउँपालिका-३ भोर्लेनीका किसान ओम गिरीले बताउनुभयो। गिरीले आफ्नो बगैंचाबाट यस वर्ष रु ११ लाख मूल्य बराबरको सुन्तला बिक्री भएको बताउनुभयो।

यातायात सुविधा भएकाले व्यापारी सुन्तला खरिद गर्न गाडी लिएर बगैंचामै आउने गरेका छन्। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि विकास कार्यालय र स्थानीय तहको कृषि शाखाले सुन्तलाका बिरुवा वितरण, प्राविधिक तालिम, बगैंचा व्यवस्थापन, साना सिँचाइ र बजारीकरणमा सहयोग गर्दै आएका छन्।



**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं.३३, माटेपानी मन्दिर ट्रस निर्माण लेवाड गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः माटेपानी मन्दिर ट्रस निर्माण लेवाड
ठेगानाः पोखरा-३३, माटेपानी
योजना सम्झौता मितिः २०८२/०९/०६ गते
योजना सुरु मितिः २०८२/०९/०६ गते
योजना सम्पन्न हुने मितिः २०८२/११/१० गते
योजना सम्पन्न भएको मितिः २०८२/१०/०५ गते
योजनाको कुल लागतः रु. ८,८९,५९६.३३
महानगरपालिकाबाटः रु. ८,००,०००।-
जनसहभागिताबाटः रु. ८९,५९६.३३
उपभोक्ता समिति अध्यक्षः हिरालाल सुनार
सम्पर्क नं.ः मो. ९८०३९३६१३१
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ जना पुरुषः ४

**माटेपानी मन्दिर ट्रस निर्माण उपभोक्ता समिति पोखरा-३३**

# यस्तो छ बागलुङ-१ को चुनावी गणित

रामबहादुर थापा
गण्डकी, २७ माघ/रासस

यसपालिको चुनावमा बागलुङ-१ को चर्चा र चासो तुलनात्मक रूपमा कम छ जति विसं २०७९ को चुनावमा थियो । नेपाली राजनीतिमा बेग्लै छवि बनाउनुभएका राष्ट्रिय जनमोर्चाका अध्यक्ष वयोवृद्ध चित्रबहादुर केसी अघिल्लो चुनावमा उम्मेदवार हुनुहुन्थ्यो ।

नेकपा (एमाले)का उम्मेदवार छोरा पुस्ताका सूर्यप्रसाद पाठकसँग केसी आमनेसामने हुँदा यस क्षेत्रले धेरैको ध्यान खिचेको थियो ।

उक्त चुनावमा पाठकलाई पराजित गर्दै केसीले आफ्नो संसदीय विरासतलाई कायम राख्न सफल हुनुभएको थियो । अहिलेको चुनावमा भने दुवै उम्मेदवार प्रतिस्पर्धाबाट बाहिर हुनुहुन्छ । केसीलाई राष्ट्रिय जनमोर्चाले समानुपातिकतर्फ उम्मेदवार बनाएको छ । नेकपा (एमाले)बाट हिराबहादुर केसी चुनावी मैदानमा हुनुहुन्छ ।

विसं २०७९ को चुनावमा पाँचदलीय गठबन्धनमा सामेल भई राष्ट्रिय जनमोर्चाका केसीलाई जिताउन भूमिका खेलेको नेपाली कांग्रेस पनि अहिले एक्लै चुनावमा होमिएको छ । कांग्रेसबाट भीम श्रीस चुनावी मैदानमा हुनुहुन्छ । अघिल्लो चुनावमा एउटै गठबन्धनमा रहेका नेपाली कम्युनिष्ट पार्टी र राजमोले अहिले पनि चुनावी सहकार्यलाई दोहोर्‍याएका छन् । बागलुङ-१ मा दुवै दलको साझा उम्मेदवारका रूपमा राष्ट्रिय जनमोर्चाका कृष्ण अधिकारी र बागलुङ-२ मा नेपाली कम्युनिष्ट पार्टीका ज्ञामनाथ गैरे 'अनिल' चुनावी प्रतिस्पर्धामा होमिनुभएको छ । हिजो एउटै चुनावी मोर्चामा रहेका दलहरू अहिले एकार्काविरुद्ध प्रतिस्पर्धामा छन् । गत चुनावबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी पनि एक्लै चुनावी मैदानमा उत्रेको छ । रास्वपाबाट बागलुङ-१ मा सुशील खड्का उम्मेदवार हुनुहुन्छ । बागलुङ-१ मा यिनै चार उम्मेदवारबीच प्रतिस्पर्धा हुने आकलन गरिएको छ । सम्बन्धित दल र उम्मेदवारले आ-आफ्नै जितको दाबी गरे पनि विगतको चुनावी गणित हेर्दा जुनसुकै दललाई पनि चुनावी परिणाम आफ्नो पक्षमा पार्न सहज देखिन्न । एक्लाएक्लै चुनावमा होमिएका कांग्रेस, एमाले र रास्वपाले आफ्नै बलबुतामा चुनाव जित्ने दाबी गरिरहेका छन्भने नेकपा र जनमोर्चा गठबन्धनको आडमा जित निकाल्ने दाउमा छन् । कांग्रेससहितको पाँच दलीय गठबन्धनबाट अघिल्लो चुनावमा आफ्ना उम्मेदवारलाई विजयी बनाएको राष्ट्रिय जनमोर्चालाई यसपटक नेपाली कम्युनिष्ट पार्टीको मात्र साथ छ । उक्त चुनावमा जनमोर्चाका उम्मेदवार केसीले २१ हजार ४५१ मत ल्याएर विजयी हुनुभएको थियो । एक्लै चुनाव लड्दा पनि जम्मा दुई हजार ६२६ को मतान्तरले एमाले उम्मेदवार पाठक पराजित हुनुभएको थियो । पाठकको १८ हजार ८२५ मत आएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार खिमानन्द कँडेलले नौ हजार १८१ मत ल्याउनुभएको थियो । समानुपातिकतर्फ भने कांग्रेसले सबैभन्दा धेरै १६ हजार ४९३ मत ल्याएको थियो । एमालेले १५ हजार ४२८, रास्वपाले सात हजार ८७७, जनमोर्चाले चार हजार ९८६, नेकपा (तत्कालीन नेकपा माओवादी केन्द्र)ले दुई हजार ८५७, राष्ट्रिय प्रजातन्त्र पार्टीले एक हजार २९ र अन्य साना दलले एक हजार १३३ मत ल्याएका थिए । विसं २०७९ को चुनावका समानुपातिक मत परिणाम हेर्दा कांग्रेस र एमालेको मतान्तर झन्डै एक हजार देखिन्छ । यी दुवै दलको भन्दा झन्डै आधा मत रास्वपाले पाएको थियो । जनमोर्चा र नेकपाको मत त्योभन्दा पनि कम छ । विगतका चुनावको समानुपातिक मत सङ्ख्यालाई हेरेर ढुक्क हुने अवस्थामा दलहरू छैनन् । पछिल्लो समय मतदातामा मत बदल्ने प्रवृत्ति बढेका कारण हिजो निश्चित राजनीतिक दलका प्रभाव क्षेत्र भनिएका ठाउँमा मत परिणाम भिन्न आउन सक्ने आकलन स्वयं दलहरूले नै गरेका छन् ।

यस क्षेत्रको उम्मेदवारमा अहिले अधिकांश नयाँ अनुहार छन् । कांग्रेस उम्मेदवार भीम श्रीस विद्यार्थी राजनीतिबाट उदाएका नेता हुनुहुन्छ । विसं २०६२ मा त्रिभुवन विश्वविद्यालमा स्वतन्त्र विद्यार्थी युनियनको सभापति हुनुभएका उहाँ कांग्रेसको केन्द्रीय सदस्य हुनुहुन्छ । उहाँ जैमिनी नगरपालिका-१० राङ्खानीका बासिन्दा हुनुहुन्छ । एमालेका हिराबहादुर केसी यस क्षेत्रबाट तेस्रोपटक चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । उहाँ विसं २०७० को दोस्रो संविधानसभा सदस्य चुनावमा नेपाली कांग्रेसका हरिबहादुर खड्कासँग पराजित हुनुभएको थियो ।

विसं २०७९ को प्रदेशसभा सदस्य चुनावमा बागलुङ-१ (क) मा कांग्रेसका दीपेन्द्रबहादुर थापासँग पराजित हुनुभएको थियो । काठेखोला गाउँपालिका-३ धम्जा निवासी केसी एमाले, बागलुङको अध्यक्ष हुनुहुन्छ । ससंदीय यात्रा तय गर्ने उहाँको तेस्रोपटकको प्रयास कत्तिको सफल हुने हो त्यो हेर्न बाँकी छ ।

राष्ट्रिय जनमोर्चाका उम्मेदवार कृष्ण अधिकारी पनि पहिलोपटक संसदीय चुनाव सामना गर्दै हुनुहुन्छ । विद्यार्थी राजनीति हुँदै पार्टीमा सक्रिय रहँदै आउनुभएका उहाँ बागलुङ नगरपालिका-१२ अमलाचौर निवासी हुनुहुन्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट इन्जिनियर तथा युवा उद्यमी सुशील खड्का चुनावी मैदानमा हुनुहुन्छ । बागलुङ नगरपालिका-३ गुठी निवासी उहाँ बागलुङको राजनीतिमा नयाँ अनुहार हुनुहुन्छ । यस क्षेत्रमा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट कल्याणविक्रम आचार्य, प्रगतिशील लोकतान्त्रिक पार्टीका चित्रप्रसाद सापकोटा, नेपाल मानवतावादी पार्टीका भक्तबहादुर विक, मङ्गोल नेसनल अर्गनाइजेसनका गुमाकुमारी बुढा राना मगर, नेसनल रिपब्लिक नेपालका सहवीर थापा, श्रम संस्कृति पार्टीका लालबहादुर घर्ती र नेपाल कम्युनिष्ट पार्टी माओवादीका टेकबहादुर केसी चुनावी मैदानमा हुनुहुन्छ । जितहारका शृङ्खलाहरूबाट गुज्रिरहेका दलहरू अर्को चुनावी परीक्षामा सामेल हुन अब २० दिन मात्र बाँकी छ । चुनाव नजिकिँदै जाँदा अनेक चर्चा र अड्कलबाजी हुन थालेका छन् । चुनावी परिणाममा कहिले नेपाली कांग्रेस त कहिले वाम दल हाबी हुने बागलुङ-१ को प्रतिस्पर्धामा अहिले राष्ट्रिय स्वतन्त्र पार्टी पनि थपिएको छ ।

विसं २०७० को दोस्रो संविधानसभा सदस्य चुनावमा नेपाली कांग्रेसले जिल्ला सबै क्षेत्रमा जित हासिल गरेको थियो । विसं २०७४ को चुनावमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी र विसं २०७९ को चुनावमा कांग्रेससहितको गठबन्धनले विजयी बनेको थियो । बागलुङ नगरपालिका, जैमिनी नगरपालिका, काठेखोला गाउँपालिका र बरेङ गाउँपालिका समेटिएको यस क्षेत्रमा ३७ वडा रहेका छन् । ९८ हजार ४६ मतदाता रहेको यस क्षेत्रमा ४८ मतदास्थल रहेका छन् ।

# सरकारले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान घटायो

रासस
काठमाडौं, २७ माघ

चालू आर्थिक वर्ष २०८२/८३ को बजेटको अर्धवार्षिक समीक्षामार्फत सरकारको आय र व्ययको अनुमान घटाइएको छ । अर्थ मन्त्रालयले आज चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्दै आम्दानी र खर्च दुवैको अनुमान घटाएको हो ।

चालु आर्थिक वर्षका लागि सरकारले रु १९ खर्ब ६४ अर्ब ११ करोड बराबर बजेट विनियोजन गरेको थियो । जसमध्ये चालुगततर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड, पुँजीगत शीर्षकमा रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख र वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख बराबर सुरुआती विनियोजन रहेको थियो ।

संशोधित अनुमानअनुसार यस वर्ष चालु खर्च रु ११ खर्ब २५ अर्ब ९७ करोड ९४ लाख, पुँजीगत खर्च रु दुई खर्ब ४३ अर्ब ३० करोड ३४ लाख र वित्तीय व्यवस्था रु तीन खर्ब १९ अर्ब चार करोड ३९ लाख बराबर मात्रै खर्च हुने देखिएको छ । कुल बजेट खर्च रु १६ खर्ब ८८ अर्ब ३२ करोड ६७ लाख खर्च हुने संशोधित अनुमान छ । यो रकम सुरु विनियोजनको ८५ दशमलव ९६ प्रतिशत हो । अर्थात् सुरुआती विनियोजनको तुलनामा कुल संशोधित बजेट खर्च १४ दशमलव ०६ प्रतिशत बिन्दुले घट्ने देखिएको छ । चालु आर्थिक वर्ष २०८२/८३ मा कुल बजेट १९ खर्ब ६४ अर्ब ११ करोडमध्ये रु १४ खर्ब ८० अर्ब राजस्व स्रोत परिचालन हुने अनुमान रहेको छ ।

उक्त कुल अनुमानित राजस्वमध्ये सङ्घीय सरकारको बजेट प्रयोजनका लागि रु १३ खर्ब १५ अर्ब प्रयोग हुने र बाँकी रु एक खर्ब ६५ अर्ब राजस्व बाँडफाँटको माध्यमबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुमान छ । यसअनुसार सङ्घीय सरकारको कुल बजेटमा राजस्वको योगदान करिब ६७ दशमलव ४९ प्रतिशत रहने अनुमान छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को राजस्व प्राप्तिको अनुमानमा कर राजस्वको अंश रु १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख अर्थात् ८९ दशमलव ५७ प्रतिशत र अन्य राजस्व (गैरकर) को अंश रु एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख अर्थात् १० दशमलव ४३ प्रतिशत रहेको छ । यसमा प्रत्यक्ष कर रु चार खर्ब सात अर्ब दुई करोड ९२ लाख र अप्रत्यक्ष कर रु नौ खर्ब १८ अर्ब ५५ करोड ४५ लाख रहेको छ । यस हिसाबले हेर्दा जम्मा कर राजस्वमा प्रत्यक्ष करको हिस्सा ३० दशमलव ७० प्रतिशत र अप्रत्यक्ष करको हिस्सा ६९ दशमलव ३० प्रतिशत रहेको छ ।

चालु आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र उपभोक्ता मुद्रास्फीतिलाई साढे पाँच प्रतिशतमा सीमित राख्ने लक्ष्यका साथ बजेटको संशोधित अनुमान गरिएको अर्थ मन्त्रालयले जनाएको छ । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपश्चात् सिर्जना भएको असामान्य परिस्थिति, आयोजनाको पुनः प्राथमिकीकरण र खर्च कटौती गर्ने मन्त्रिपरिषद्को निर्णयलाई संशोधित अनुमानको आधार मानिएको छ ।

त्यस्तै, आगामी प्रतिनिधि सभाको निर्वाचन खर्च, सामाजिक सुरक्षा, कर्मचारीको महँगी भत्ता र आन्दोलनका घाइते तथा मृतकका परिवारलाई दिनुपर्ने राहतका कारण चालु खर्चमा चाप बढेको प्रतिवेदनमा उल्लेख छ ।

"आयोजनाको पूर्वतयारीको अभाव, जग्गा प्राप्ति र वन क्षेत्रको प्रयोगमा जटिलता र निर्माण व्यवसायीलाई भुक्तानीमा भएको ढिलाइले गर्दा पुँजीगत खर्चको गुणस्तर अपेक्षाकृत सुधार हुन सकेको छैन", प्रतिवेदनमा भनिएको छ । आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण, निर्माणाधीनरणनीतिक आयोजनाको भुक्तानी र अनिवार्य दायित्व (तलब, भत्ता, पेन्सन) लाई खर्चको मुख्य प्राथमिकतामा राखिएको जनाइएको छ ।

पूर्वतयारी नभएका, टुक्रे आयोजना र प्रतिफल सुनिश्चित नभएका अनुत्पादक कार्यक्रमहरूको बजेट रोक्का गरी प्राथमिकता प्राप्त आयोजनामा रकमान्तर गर्ने नीति लिइएको पनि अर्थ मन्त्रालयले जनाएको छ । त्यस्तै, बैठक भत्ता उपलब्ध नगराउने, बाह्य परामर्श सेवा नलिने, वैदेशिक भ्रमण नियन्त्रण गर्ने र नयाँ दरबन्दी सिर्जना नगर्ने जस्ता उपायहरूद्वारा चालु खर्च नियन्त्रण गर्ने लक्ष्य राखिएको उल्लेख छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सुरक्षा निकाय र निर्वाचन आयोगलाई आवश्यक पर्ने बजेटको स्रोत सहमति र व्यवस्थापनलाई उच्च प्राथमिकता दिइएको छ । वैदेशिक सहायता प्राप्तिमा देखिएको न्यूनता र राजस्व सङ्कलनको चापलाई मध्यनजर गर्दै आन्तरिक स्रोत (राजस्व र आन्तरिक ऋण) को अधिकतम उपयोग गरी बजेट सन्तुलन कायम गर्न खोजिएको पनि अर्थ मन्त्रालयले जनाएको छ । बजेट प्रणालीलाई नतिजामुखी बनाउन आयोजना बैङ्कको कार्यान्वयन, डिजिटल भुक्तानी प्रणालीको विस्तार र सार्वजनिक खरिद कानुनमा समसामयिक सुधार गरिने जनाइएको छ ।

# पशुलाई रोगबाट जोगाउन पूर्णखोप अभियान सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, २७ माघ



पशुलाई महामारीजन्य रोगबाट जोगाउनका लागि जिल्लामा पशुमा पूर्णखोप अभियान सञ्चालन भएको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि जिल्लाका छवटै स्थानीय तहका किसानले पालेका पशुलाई खोप लगाउने अभियान सञ्चालन गरेको हो ।

चालु आर्थिक वर्ष २०८२/८३ मा पशुमा पूर्ण खोप कार्यक्रममार्फत करिब ९० हजार गाई, भैँसी, बाख्रा, भेडा र कुकुरलाई महामारीजन्य रोगविरुद्ध पाँच प्रकारका खोप लगाउने लक्ष्य रहेको केन्द्रका प्रमुख गोपाल गिरीले जानकारी दिनुभयो । करिब ११ हजार घरपरिवार किसानले पालेका १४ हजार १५९ गाई, २३ हजार ३२६ भैँसी, ४७ हजार १८६ बाख्रा, १४ हजार ७९१ भेडा, एक हजार ६६८ बङ्गुर, चार हजार ८७७ कुकुर बिरालो र ३७९ चौरीलाई खोप लगाउने लक्ष्य रहेको छ । गाईभैँसीलाई खोरेत र लम्की स्किन, भेडाबाख्रालाई पिपिआर, कुकुर, बिरालोलाई रेबिज र बङ्गुर/सुगुरलाई स्वाइन फिवरविरुद्धको खोप लगाइने केन्द्रका प्रमुख गिरीले बताउनुभयो । बेनी नगरपालिका, धवलागिरि, मालिका र अन्नपूर्ण गाउँपालिकामा खोप अभियान सम्पन्न भएको छ । रघुगङ्गा र मङ्गला गाउँपालिकामा सुरु भएको छ ।

किसानका पशु फार्म तथा गोठमा पुगेर पशु चौपायाको तथ्याङ्क सङ्कलन, खोपकर्ता नियुक्ति, पालिकास्तरमा जनप्रतिनिधि र अगुवा किसानलाई अभिमुखीकरण गरी खोप लगाउन प्राविधिकहरूलाई पचािलन गरिएको छ । पूर्ण खोप अभियानका लागि एउटा वडामा भूगोल र पशु सङ्ख्याका आधारमा दुईदेखि तीन जनाका दरले प्राविधिक र खोपकर्ता परिचालन गरिएको थियो । पशुलाई महामारीजन्य रोगबाट बचाउन खोप प्रभावकारी उपाय भएको किसानहरू बताउँछन् । पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरी जनस्वास्थ्यलाई पार्ने नकारात्मक प्रभावबाट बचाउन र पशुजन्य रोगको उपचार र नियन्त्रण गर्दा लाग्ने समय र खर्चको बचतका लागि पूर्णखोप कार्यक्रम प्रभावकारी बनेको बेनी नगरपालिका-३ डाडाखानीका किसान धनबहादुर श्रीसले बताउनुभयो । गण्डकी प्रदेश सरकारले सङ्क्रामक रोग निर्मूल पार्ने योजनाअनुसार प्रदेशलाई नै पूर्णखोपयुक्त बनाउन ११ जिल्लामा पशुमा पूर्णखोप अभियान चलाएको छ ।

# बागलुङमा 'प्लेटलेट्स' बनाउन थालियो : पोखरा, काठमाडौँ पठाउनुपर्ने बाध्यता अन्त्य

पोखरापत्र संवाददाता
म्याग्दी, २७ माघ




लामो समयको प्रयासपछि बागलुङको रक्तसञ्चार केन्द्रमा सेतो रगत (प्लेटलेट्स/प्लाज्मा) बनाउन थालिएको छ । धवलागिरि प्रादेशिक अस्पतालअघि रहेको रक्त सञ्चार केन्द्रमा सेतो रगत निर्माण गर्ने उपकरणको अभावमा अन्य केही उपकरणसमेत प्रयोगविहीन भएका थिए भने बिरामीलाई पोखरा पठाउनुपर्ने बाध्यता थियो ।

लामो समयको प्रयास र करोड खर्च गरेर प्रयोगशाला स्थापना गरिएको छ भने आइतबारदेखि प्रयोगशालाले सेतो रगत उत्पादन गर्न थालेको छ । नेपाल रेडक्रस सोसाइटी बागलुङका सभापति जगन्नाथ आचार्यले लामो समयको प्रयास र विभिन्न निकायको सहयोगमा झण्डै एक करोड रुपैयाँ खर्चेर सुविधासम्पन्न प्रयोगशाला स्थापना गरिएको छ ।

उहाँका अनुसार प्रयोगशालामा तालिमप्राप्त प्रयोगशाला प्राविधिकको समेत व्यवस्था मिलाइएको छ । जटिल प्रकारका बिरामीलाई आवश्यक पर्ने प्लेटलेट्स/प्लाज्मा बागलुङमै बनाउन थालेपछि धवलागिरि प्रादेशिक अस्पतालबाट रेफर हुने जटिल प्रकारका बिरामीको सङ्ख्या घट्ने अपेक्षा छ । विशेषज्ञ सेवा प्रदान तथा जटिल प्रकारका रोगको उपचारका लागि सेतो रगत आवश्यक पर्ने अस्पतालका प्रमुख डा किरण तिवारीले जानकारी दिनुभयो । रक्त सञ्चार केन्द्रमा सेतो रगत (प्लेटलेट्स/प्लाज्मा) नपाइँदा अस्पतालले जटिल प्रकारका समस्या देखिएर सेतो रगत चाहिने बिरामीलाई पोखरा पठाउनुपर्ने बाध्यता आइतबारदेखि हटेको उहाँले जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले बागलुङस्थित रक्तसञ्चार केन्द्रलाई दुई वर्षअघि दिएको रातो र सेतो रगत छुट्याउने उपकरण (कम्पानेन्ट सेन्ट्रिफ्युज) प्रयोगमा आएको छ भने प्रदेश सरकारको रु १५ लाख र बागलुङ नगरपालिकाको रु पाँच लाख, जैमिनी नगरपालिकाको रु तीन लाख, गलकोट नगरपालिकाको रु दुई लाख र बरेङ गाउँपालिकाको रु एक लाख ५० हजार गरी रु २६ लाख ५० हजार लागतमा अन्य उपकरण खरिद गरिएको थियो ।

उपकरण आए पनि प्रयोगशालाको पूर्वाधार निर्माण गर्न नसक्दा रोकिएको काममा बागलुङ समाज जापानले रु १३ लाख ५० हजार सहयोग गरेपछि सुरु भएको थियो । रक्तसञ्चार केन्द्रको भवनमा उपकरण र अन्य सहयोग गरी झण्डै रु एक करोड लागतमा सेतो रगत उत्पादन थालिएको केन्द्रका प्रमुख गुरुदत्त शर्माले बताउनुभयो । विशेषगरी डेङ्गीको सङ्क्रमण भई सेतो रगतको मात्रा घटेका, सर्पदंश, शल्यक्रिया, अत्यधिक रक्तश्राव भएका बिरामीलाई समेत सेतो रगत आवश्यक पर्ने धवलागिरि अस्पतालका प्रमुख डा तिवारीले जानकारी दिनुभयो । उहाँले सेतो रगतकै कारण उपचार सम्भव हुने बिरामीलाई समेत पोखरा, काठमाडौँ पठाउनुपर्ने बाध्यता अन्त्य भएको बताउनभुयो । बिरामीको अवस्था हेरेर ३० हजारभन्दा तल प्लेटलेट्स भएमा सेतो रगतको आवश्यकता हुने गर्दछ ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं.३३, ब्राम्हज्योती आ.वि. स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः ब्राम्हज्योती आ.वि. स्तरोन्नति
ठेगानाः पोखरा-३३, शान्ती पधेरा, गैरागाउँ
योजना सम्झौता मितिः २०८२/१०/१३ गते
योजना सुरु मितिः २०८२/१०/१३ गते
योजना सम्पन्न हुने मितिः २०८२/११/२५ गते
योजना सम्पन्न भएको मितिः २०८२/१०/२५ गते
योजनाको कुल लागतः रु. ५,५६,२८०.७५
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५६,२८०.७५
उपभोक्ता समिति अध्यक्षः बन्धुराज आचार्य
सम्पर्क नं.: मो. ९७०८२४५३१७
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ४ जना पुरुषः ५

**ब्राम्हज्योती आ.वि. स्तरोन्नति उपभोक्ता समिति पोखरा-३३**